कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

# कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८३।०३।१९)**

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा ११ बमोजिमको कार्यकारी निर्देशक छनौटका लागि ऐ.ऐनको दफा १४ को उपदफा (४) बमोजिम खुल्ला प्रतिष्पर्धाका आधारमा पदपूर्ति गर्न देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका पैतिस वर्ष पूरा भई पैसठ्ठी वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यदलको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रशासन शाखामा तोकिएको ढाँचामा आवेदन दिन हुन सूचित गरिन्छ। आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदापछिको पहिलो कार्यालय दिनको कार्यालय समयभित्र आवेदन बुझाउन सकिनेछ।

**१. न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव:**

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको,

(ख) सार्वजनिक प्रशासन, कानून, विकास व्यवस्थापन, अर्थशास्त्र, राजनीतिशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा अन्य यस्तै प्रकारका विषयमा कम्तीमा दश वर्ष अनुसन्धानमूलक कार्य गरेको वा सरकारी सेवामा कम्तीमा पन्ध्र वर्षसम्म सेवा अनुभव प्राप्त गरेको,

**२. आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**

आवेदनसाथ हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो सहित देहाय बमोजिमका कागजात तथा विवरणहरुमा आफैले हस्ताक्षर गरी पेश गर्नुपर्नेछ:-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बर परिचय पत्रको प्रतिलिपि (PAN)

(घ) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि,

(च) स्वघोषणा,

(छ) बैयक्तिक विवरण (CV)

(ज) व्यावसायिक कार्य योजना(सिलबन्दी गरेको-३ प्रति)।

(आवेदकले आवेदन पेस गर्दा माथि उल्लेखित (क) देखि (छ) सम्मको कागजात एउटा खाममा र (ज) बमोजिमको कार्ययोजना अलग्गै खाममा सिलबन्दी गरी पेस गर्नुपर्नेछ।)

**३. व्यावसायिक कार्ययोजना:**

आवेदकले नेपाली वा अंग्रेजी कुनै एक भाषामा लेखिएको व्यावसायिक कार्ययोजनामा देहायको विषयक्षेत्र समेट्नु पर्नेछ:-

क. परिचयात्मक खण्ड,

ख. पृष्ठभूमि तथा विद्यमान अवस्थाको विश्लेषण,

ग. संस्थागत विश्लेषण: SWOT Analysis,

घ. दुरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति,

ङ. कार्यान्वयन कार्ययोजना, (हाल प्रतिष्ठानले सामना गरिरहेको समस्या तथा चूनौतीहरु र समाधानको उपायहरु समेटिएको आफ्नो नेतृत्वमा हुने प्रतिष्ठान विकासको योजना।)

च. अनुगमन तथा मूल्याङकन र प्रतिवेदन प्रणाली,

छ. निष्कर्ष ।

**४. आवेदन दस्तुर:** आवेदन दस्तुर वापत रु २५००।–(दुई हजार पाँच सय) देहाय बमोजिमको राजश्व खातामा बैंक दाखिला गरेको सक्कलै भौचर आवेदनका साथ पेश गर्नु पर्नेछ,

कार्यालय कोड : ३०१००१३०११

राजश्व शिर्षक नं. १४२२९

**५. विविध:**

क. कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा ऐनको अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

ख. नियुक्ति भए पछि कार्यकारी निर्देशकले प्रमुख सचिवसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

ग. कार्यकारी निर्देशक पदका लागि पेस गर्नुपर्ने दरखास्त फाराम र स्वघोषणा सम्बन्धी कागजात मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रशासन शाखाबाट कार्यालय समयभित्र निःशुल्क प्राप्त गर्न वा कार्यालयको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

अनुसूची –१(क)

(दफा ४ सँग सम्बन्धित)

## आवेदन फारामको ढाँचा

## कार्यकारी निर्देशक पदका लागि दरखास्त फाराम

**पदः** कार्यकारी निर्देशक

**कार्यालयको नामः** प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा ।

---

### १. वैयक्तिक विवरण

१. नाम, थर (देवनागरीमा): ............................................................

२. Name (In Block Letters): ........................................................

३. लिङ्गः ☐ पुरुष ☐ महिला ☐ अन्य

४. जन्म मिति (वि.सं.): ............................................................

५. उमेर (दरखास्त पेस गर्ने मिति सम्ममा): ........ वर्ष ........ महिना

६. नागरिकता नं.: ............................................................

७. बाबुको नामः ............................................................

८. आमाको नामः ............................................................

९. बाजेको नामः ............................................................

१०. राष्ट्रिय परिचयपत्र नं.:

११. स्थायी ठेगाना:

१२. मोबाइल नं.: ............................................................

१३. इमेलः ............................................................

### २. शैक्षिक योग्यता

| शैक्षिक उपाधि | विषय(Major) | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी/GPA |
|---|---|---|---|---|
| एस.एल.सी./एस.ई.ई. | | | | |
| +२ वा सो सरह | | | | |
| स्नातक | | | | |
| स्नातकोत्तर | | | | |
| पि.एच.डि | | | | |
| अन्य | | | | |

### ३. कार्य अनुभवको विवरण

| सि.नं. | पद | संस्था/निकाय | कार्य अवधि (देखि—सम्म) | अनुभव अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कुल अनुभवः ............ वर्ष ............ महिना

---

### ४. संलग्न कागजातहरू

कृपया संलग्न गरिएका कागजातमा (✓) चिन्ह लगाउनुहोस्ः

| क्र.सं. | कागजात | संलग्न |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | ☐ |
| २ | राष्ट्रिय परिचयपत्रको प्रतिलिपि | ☐ |
| ३ | स्थायी लेखा नम्बर परिचय पत्रको प्रतिलिपि(PAN) | ☐ |
| ४ | शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि | ☐ |
| ५ | कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि | ☐ |
| ६ | व्यावसायिक कार्ययोजना(३ प्रति सिलबन्दी गरिएको) | ☐ |
| ७ | स्वघोषणा | ☐ |
| ८ | बैयक्तिक विवरण (CV) | ☐ |

माथि उल्लिखित विवरणहरू सत्य, सही तथा पूर्ण रहेको घोषणा गर्दछु। कुनै विवरण झुट्टा वा गलत ठहरेमा प्रचलित कानून बमोजिम हुने कारबाही स्वीकार गर्नेछु।

| | |
|---|---|
| | |
| **दायाँ हातको औंठाछाप** | **बायाँ हातको औंठाछाप** |

**नामः** ........................................

**हस्ताक्षरः** ..............................................

**मितिः** ..................................................

अनुसूची —१(ख)

(दफा ४ सँग सम्बन्धित)

**स्वघोषणा**

म..............................................,स्थायी ठेगाना.................................................. भएको नेपाली नागरिक, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलबलगुरी, झापाको कार्यकारी निर्देशक पदमा आवेदन दिने प्रयोजनका लागि देहाय बमोजिम स्वघोषणा गर्दछु।

| क्र.सं. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | नैतिक पतन देखिने कुनै फौजदारी अभियोग वा भ्रष्टाचारजन्य मुद्दामा अदालतबाट कसुरदार ठहरिएको वा भ्रष्टाचारजन्य मुद्दामा अभियोग लागि अदालतमा मुद्दा विचाराधीन रहेको | | |
| २ | कुनै राजनीतिक दलको सदस्यता लिएको | | |
| ३ | कुनै विदेशी मूलुकको स्थायी आवासीय अनुमति पत्र (Permanent Residency Permit/Green Card) लिएको | | |
| ४ | प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गर्न अयोग्य ठहरिने कुनै कसूरमा सजाय पाएको | | |
| ५ | प्रचलित कानून बमोजिम कालोसूचीमा परेको | | |

माथि उल्लिखित विवरणहरू सत्य रहेको व्यहोरा स्वेच्छाले घोषणा गर्दछु।

नामः .........................................

हस्ताक्षरः ...............................................

मितिः ..................................................

| | |
|---|---|
| | |
| दायाँ हातको औंठाछाप | बायाँ हातको औंठाछाप |

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कोशी प्रदेशको कार्यकारी निर्देशक छनौटका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३

छनौट कार्यदल

कोशी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कोशी प्रदेशको कार्यकारी निर्देशक छनौटका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा ११ बमोजिमको कार्यकारी निर्देशकको नियुक्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्न सोही ऐनको दफा १४(१) बमोजिम गठित कार्यकारी निर्देशक छनौट कार्यदलले प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा १४(३) ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "**प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कोशी प्रदेशको कार्यकारी निर्देशक छनौटका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३**" रहेको छ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कार्यकारी निर्देशक" भन्नाले प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्छ।

(ङ) "कार्यदल" भन्नाले कार्यकारी निर्देशक छनौट गर्न ऐनको दफा १४ बमोजिम गठित छनौट कार्यदललाई सम्झनु पर्छ।

३. **सूचना प्रकाशन गर्ने :** कार्यदलले "कार्यकारी निर्देशक" पदका लागि ऐनको दफा ११ को उपदफा ३ बमोजिम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकबाट कम्तिमा १५ दिनको म्याद दिई मन्त्रालयको बेवसाइट मार्फत सूचना प्रकाशन गर्ने छ ।

४. **आवेदन पेस गर्नुपर्नेः**

(१) मन्त्रालयबाट प्रकाशित सूचनाको म्यादभित्र इच्छुक आवेदकले देहायका कागजातसहित **अनुसुची - १** बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष आवेदन पेस गर्नु पर्नेछ। आवेदकले आवेदन पेस गर्दा देहाय बमोजिमको (क) देखि (च) सम्मको कागजात एउटा खाममा र (छ) बमोजिमको कार्ययोजना अलग्गै खाममा सिलबन्दी गरी पेस गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) स्वघोषणा,

(च) बैयक्तिक विवरण (CV)

(छ) व्यावसायिक कार्य योजना।

(२) आवेदकले आवेदन दस्तुर वापत रु २५००।–(दुई हजार पाँच सय) बुझाउनुपर्नेछ।

५. **आवेदकको योग्यता र अनुभवः** कार्यकारी निर्देशक पदका लागि योग्यता र अनुभव ऐनको दफा ११ को उपदफा (३) मा उल्लेख भए बमोजिम हुनेछ।

६. **संक्षिप्त सुचि प्रकाशन गर्ने :** प्राप्त आवेदकहरुको योग्यता र अनुभवको मूल्यांकन गरी दफा ५ बमोजिमको योग्यता पुरा गरेका उमेद्वारहरूको व्यावसायिक कार्ययोजनाको मूल्यांकन तथा अन्तर्वार्ताको लागि संक्षिप्त सुचि प्रकाशन गरिनेछ।

७. **मूल्याङ्कनः** (१) दफा ६ बमोजिमको संक्षिप्त सुचिमा परेका आवेदकहरुको व्यावसायिक कार्य योजना तथा अन्तर्वार्ताको मूल्यांकन देहाय बमोजिम गरिने छः-

क. व्यावसायिक कार्य योजना मूल्यांकनः- ५० अङ्क

ख. व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरणः- २० अङ्क

ग. व्यक्तिगत अन्तर्वार्ताः- ३० अङ्क

(२) व्यावसायिक कार्य योजनाको मूल्याङ्कनका आधार

(क) व्यावसायिक कार्य योजनामा समेटिएका विषयवस्तुः- १० अङ्क

(ख) प्रतिष्ठानको विद्यमान सम्भावना/अवसर, समस्या/चूनौतीको विश्लेषण :- १० अङ्क

(ग) प्रतिष्ठानको संस्थागत विकासका लागि दीर्घकालीन सोच, रणनीति र कार्यनीतिः- १० अङ्क

(घ) प्रस्तावित सोच, रणनीति र कार्यनीतिको कार्यान्वयन कार्ययोजनाः- १० अङ्क

(ङ) सिर्जनशीलता, विश्वसनियता र वैधताः- १० अङ्क

(३) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्यांकनका आधार

(क) प्रस्तुतीको ढाँचाः- ३ अङ्क

(ख) प्रस्तुतीकरणको शैलीः- ५ अङ्क

(ग) विषयवस्तुको स्पष्टता र ज्ञानः- ५ अङ्क

(घ) अन्तरक्रियात्मक क्षमताः- ५ अङ्क

(ङ) समय व्यवस्थापनः- २ अङ्क

(४) व्यक्तिगत अन्तर्वार्ताको मूल्यांकनका आधार

(क) नेतृत्व क्षमताः- १० अङ्क

(ख) व्यक्तित्वः- ५ अङ्क

(ग) उम्मेद्वारमा निहित ज्ञान, तार्किकता तथा विश्लेषण क्षमताः- १० अङ्क

(घ) समस्या समाधानको कौशलता:- ५ अङ्क

(५) व्यावसायिक कार्य योजनाको मूल्याङ्कन, प्रस्तुतीकरण र व्यक्तिगत अन्तर्वार्ताको अङ्क प्रदान गर्दा ४० प्रतिशतभन्दा कम र ७० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्दा कारण समेत उल्लेख गर्नु पर्नेछ।

(६) मूल्याङ्कनमा प्रयोग हुने फारामको नमूना **अनुसूची - २** बमोजिम हुनेछ।

८. **सिफारिसः** (१) आवेदकहरूको समष्टिगत मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ३ जना आवेदकको नाम नियुक्तिका लागि योग्यताक्रमका आधारमा कार्यदलले प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(२) कार्यकारी निर्देशक नियुक्तिका लागि गरिने सिफारिसको ढाँचा **अनुसूची – ३** बमोजिम हुनेछ।

९. **गोप्य रहनेः** (१) छनौट कार्यदलले गर्ने मूल्याङ्कन प्रक्रिया र तत्सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहने छ।

(२) यस मापदण्ड बमोजिम गरिएका मूल्याङ्कनसम्बन्धी सम्पूर्ण कागजात मन्त्रालयमा सुरक्षित रहने छ।

१०. **मापदण्डको व्याख्याः** यस मापदण्डको व्याख्या सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा कार्यदल आफैले गरेको निर्णय अन्तिम हुनेछ।

## अनुसूची —१(क)

(दफा ४ सँग सम्बन्धित)

## आवेदन फारामको ढाँचा

## कार्यकारी निर्देशक पदका लागि दरखास्त फाराम

**पदः** कार्यकारी निर्देशक

**कार्यालयको नामः** प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा ।

---

### १. वैयक्तिक विवरण

१. नाम, थर (देवनागरीमा)ः ............................................................

२. Name (In Block Letters): ........................................................

३. लिङ्गः ☐ पुरुष ☐ महिला ☐ अन्य

४. जन्म मिति (वि.सं.)ः ............................................................

५. उमेर (दरखास्त पेस गर्ने मिति सम्ममा)ः ........ वर्ष ........ महिना

६. नागरिकता नं.ः ............................................................

७. बाबुको नामः ............................................................

८. आमाको नामः ............................................................

९. बाजेको नामः ............................................................

१०. राष्ट्रिय परिचयपत्र नं.:

११. स्थायी ठेगाना:

१२. मोबाइल नं.ः ............................................................

१३. इमेलः ............................................................

### २. शैक्षिक योग्यता

| शैक्षिक उपाधि | विषय(Major) | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी/GPA |
|---|---|---|---|---|
| एस.एल.सी./एस.ई.ई. | | | | |
| +२ वा सो सरह | | | | |
| स्नातक | | | | |
| स्नातकोत्तर | | | | |
| पि.एच.डि | | | | |
| अन्य | | | | |

### ३. कार्य अनुभवको विवरण

| सि.नं. | पद | संस्था/निकाय | कार्य अवधि (देखि—सम्म) | अनुभव अवधि |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कुल अनुभवः ………… वर्ष ………… महिना

---

### ४. संलग्न कागजातहरू

कृपया संलग्न गरिएका कागजातमा (✓) चिन्ह लगाउनुहोस्ः

| क्र.सं. | कागजात | संलग्न |
| --- | --- | --- |
| १ | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | ☐ |
| २ | राष्ट्रिय परिचयपत्रको प्रतिलिपि | ☐ |
| ३ | स्थायी लेखा नम्बर परिचय पत्रको प्रतिलिपि(PAN) | ☐ |
| ४ | शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि | ☐ |
| ५ | कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि | ☐ |
| ६ | व्यावसायिक कार्ययोजना(३ प्रति सिलबन्दी गरिएको) | ☐ |
| ७ | स्वघोषणा | ☐ |
| ८ | बैयक्तिक विवरण (CV) | ☐ |

माथि उल्लिखित विवरणहरू सत्य, सही तथा पूर्ण रहेको घोषणा गर्दछु। कुनै विवरण झुट्टा वा गलत ठहरेमा प्रचलित कानून बमोजिम हुने कारबाही स्वीकार गर्नेछु।

| | |
| --- | --- |
| | |
| **दायाँ हातको औंठाछाप** | **बायाँ हातको औंठाछाप** |

**नामः** ………………………………….

**हस्ताक्षरः** ……………………………………….

**मितिः** ………………………………………….

**अनुसूची —१(ख)**

**(दफा ४ सँग सम्बन्धित)**

**<u>स्वघोषणा</u>**

म................................................,स्थायी ठेगाना.................................................... भएको नेपाली नागरिक, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलबलगुरी, झापाको कार्यकारी निर्देशक पदमा आवेदन दिने प्रयोजनका लागि देहाय बमोजिम स्वघोषणा गर्दछु।

| क्र.सं. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | नैतिक पतन देखिने कुनै फौजदारी अभियोग वा भ्रष्टाचारजन्य मुद्दामा अदालतबाट कसुरदार ठहरिएको वा भ्रष्टाचारजन्य मुद्दामा अभियोग लागि अदालतमा मुद्दा विचाराधीन रहेको | | |
| २ | कुनै राजनीतिक दलको सदस्यता लिएको | | |
| ३ | कुनै विदेशी मूलुकको स्थायी आवासीय अनुमति पत्र (Permanent Residency Permit/Green Card) लिएको | | |
| ४ | प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गर्न अयोग्य ठहरिने कुनै कसूरमा सजाय पाएको | | |
| ५ | प्रचलित कानून बमोजिम कालोसूचीमा परेको | | |

माथि उल्लिखित विवरणहरू सत्य रहेको व्यहोरा स्वेच्छाले घोषणा गर्दछु।

**नामः** ..........................................

**हस्ताक्षरः** ...............................................

**मितिः** ...................................................

| | |
|---|---|
| | |
| **दायाँ हातको औंठाछाप** | **बायाँ हातको औंठाछाप** |

## अनुसूची —२
### (दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

### मूल्याङ्कन फारामका ढाँचाहरू

### (क) व्यावसायिक कार्य योजनाको मूल्याङ्कन फाराम

आवेदकको नाम, थरः

स्थायी ठेगानाः

**मूल्याङ्कन**

| सि.नं. | मूल्याङ्कनका अन्तरवस्तु | अधिकतम अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | व्यावसायिक कार्य योजनामा समेटिएका विषयवस्तु | १० | | |
| २. | प्रतिष्ठानको विद्यमान सम्भावना/अवसर, समस्या/चूनौतीको विश्लेषण | १० | | |
| ३. | प्रतिष्ठानको संस्थागत विकासका लागि दीर्घकालीन सोच, रणनीति र कार्यनीति | १० | | |
| ४. | प्रस्तावित सोच, रणनीति र कार्यनीतिको कार्यान्वयन कार्य योजना | १० | | |
| ५. | सिर्जनशीलता, विश्वसनियता र वैधता | १० | | |
| जम्मा | | ५० | | |

(द्रष्टव्यः व्यावसायिक कार्य योजनाको अन्तरवस्तु मूल्याङ्कन बापतको अधिकतम अङ्कको चालिस प्रतिशतभन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्दा कैफियत खण्डमा सो को कारणसमेत उल्लेख गर्नु पर्नेछ।)

मूल्याङ्कनकर्ता

नाम, थरः

पदः

दस्तखतः

## (ख) व्यावसायिक कार्य योजनाको समग्र मूल्याङ्कन फाराम

| सि.नं. | आवेदकको नाम, थर | स्थायी ठेगाना | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मूल्याङ्कनकर्ता

नाम, थरः

पदः

दस्तखतः

## (ग) व्यावसायिक कार्य योजनाको औसत मूल्याङ्कन फाराम

| मूल्याङ्कनकर्ताको नाम | आवेदकको नाम, थर र ठेगाना | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा अङ्क | | | |
| औसत अङ्क (जम्मा अङ्क/मूल्याङ्कनकर्ताको संख्या) | | | |

| | | |
|---|---|---|
| ................... | ................... | ................. |
| सदस्य-सचिव | सदस्य | संयोजक |

## (घ) व्यावसायिक कार्य योजना प्रस्तुतीकरणको मूल्याङ्कन फाराम

आवेदकको नाम, थरः

स्थायी ठेगानाः

**मूल्याङ्कन**

| सि.नं. | मूल्याङ्कनका अन्तरवस्तु | अधिकतम अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीको ढाँचा | ३ | | |
| २. | प्रस्तुतीकरणको शैली | ५ | | |
| ३. | विषयवस्तुको स्पष्टता र ज्ञान | ५ | | |
| ४. | अन्तरक्रियात्मक क्षमता | ५ | | |
| ५. | समय व्यवस्थापन | २ | | |
| जम्मा | | २० | | |

(द्रष्टव्यः व्यावसायिक कार्य योजना प्रस्तुतीकरणको मूल्याङ्कन बापत अधिकतम अङ्कको चालिस प्रतिशतभन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्दा कैफियत खण्डमा सो को कारणसमेत उल्लेख गर्नु पर्नेछ।)

कार्यदलका पदाधिकारीको

नाम, थरः

पदः

दस्तखतः

## (ङ) व्यावसायिक कार्य योजना प्रस्तुतीकरणको समग्र मूल्याङ्कन फाराम

| सि.नं. | आवेदकको नाम, थर | स्थायी ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

कार्यदलका पदाधिकारीको

नाम, थरः

पदः

दस्तखतः

## (च) व्यावसायिक कार्य योजना प्रस्तुतीकरणको औसत मूल्याङ्कन फाराम

| मूल्याङ्कनकर्ताको नाम | आवेदकको नाम, थर र ठेगाना | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा अङ्क | | | |
| औसत अङ्क (जम्मा अङ्क/मूल्याङ्कनकर्ताको संख्या) | | | |

| ………… | ……………… | ……………… |
|---|---|---|
| सदस्य-सचिव | सदस्य | संयोजक |

## (छ) व्यक्तिगत अन्तर्वार्ताको मूल्याङ्कन फाराम

आवेदकको नाम, थरः

स्थायी ठेगानाः

**मूल्याङ्कन**

| सि.नं. | मूल्याङ्कनका अन्तरवस्तु | अधिकतम अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | नेतृत्व क्षमता | १० | | |
| २. | व्यक्तित्व | ५ | | |
| ३. | उम्मेद्वारमा निहित ज्ञान, तार्किकता तथा विश्लेषण क्षमताः | १० | | |
| ४. | समस्या समाधानको कौशलता | ५ | | |
| जम्मा | | ३० | | |

(द्रष्टव्यः व्यक्तिगत अन्तर्वार्ताको मूल्याङ्ककन बापतको अधिकतम अङ्कको चालिस प्रतिशतभन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्दा कैफियत खण्डमा सो को कारणसमेत उल्लेख गर्नु पर्नेछ।)

कार्यदलका पदाधिकारीको

नाम, थरः

पदः

दस्तखतः

## (ज) व्यक्तिगत अन्तर्वार्ताको समग्र मूल्याङ्कन फाराम

| सि.नं. | आवेदकको नाम, थर | स्थायी ठेगाना | व्यक्तिगत अन्तर्वार्ताको मूल्याङ्कन बापत प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

कार्यदलका पदाधिकारीको

नाम, थरः

पदः

दस्तखतः

## (झ) व्यक्तिगत अन्तर्वार्ताको औसत मूल्याङ्कन फाराम

| मूल्याङ्कनकर्ताको नाम | आवेदकको नामथर र ठेगाना | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा अङ्क | | | |
| औसत अङ्क (जम्मा अङ्क/मूल्याङ्कनकर्ताको संख्या) | | | |

............ ................. .................

सदस्य-सचिव सदस्य संयोजक

## (ञ) समष्टिगत मूल्याङ्कन फाराम

| सि.नं. | आवेदकको नामथर | स्थायी ठेगाना | व्यावसायिक कार्य योजनाको मूल्याङ्कन बापतको औसत अङ्क (a) | व्यावसायिक कार्य योजना प्रस्तुतीकरण बापतको औसत अङ्क(b) | व्यक्तिगत अन्तर्वार्ता बापतको औसत अङ्क (c) | कूल अङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अङ्कमा (a+b+c) | अक्षरमा |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

............ ................. .................

सदस्य-सचिव सदस्य संयोजक

**अनुसूची - ३**
**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>कार्यकारी निर्देशक पदका लागि प्रदेश सरकार समक्ष गरिएको सिफारिसको ढाँचा</u>**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
कोशी प्रदेश, विराटनगर।

**विषयः सिफारिस गरिएको सम्बन्धमा।**

उपर्युक्त विषयमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा ११ बमोजिमको कार्यकारी निर्देशकको नियुक्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्न सोही ऐनको दफा १४ बमोजिम गठित यस छनौट कार्यदलले कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि मिति ...... गते प्रकाशित सूचना बमोजिम निवेदन पेस गर्ने उम्मेद्वारहरूको मूल्याङ्कन गर्न प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा १४(३) ले दिएको अधिकार प्रयोग गरी स्वीकृत गरेको "प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कोशी प्रदेशको कार्यकारी निर्देशक छनौटका लागि सिफारिससम्बन्धी मापदण्ड, २०८३" का आधारमा समष्टिगत मूल्याङ्कन गरी योग्यताक्रमानुसार देहायका उम्मेद्वारहरु प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कोशी प्रदेशको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि यस कार्यदलको मिति................को निर्णयानुसार प्रदेश सरकार समक्ष सिफारिस गरेको बेहोरा अनुरोध छ।

| योग्यताक्रम | सिफारिस गरिएका उम्मेद्वारको नाम, थर | स्थायी ठेगाना |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

.................. ................. .................
सदस्य-सचिव सदस्य संयोजक

# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, श्रावण ३० गते, २०७९ साल (अतिरिक्ताङ्क १२


## भाग १

प्रदेश सरकार

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना**

<u>प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९</u>

<u>प्रस्तावना:</u> प्रदेश तथा स्थानीय तह अन्तर्गतका सरकारी निकाय एवम् प्रदेश सङ्गठित संस्थाहरूको व्यवस्थापकीय दक्षता अभिवृद्धि



गर्ने उद्देश्यले त्यस्ता सरकारी निकाय एवम् सङ्गठित संस्थाहरुमा आवद्ध मानव संशाधनलाई व्यवस्थित एवम् योजनाबद्ध तरिकाले प्रशिक्षण प्रदान गर्न, प्रशिक्षण एवम् प्रशिक्षकको स्तर तथा मापदण्ड निर्धारण गर्न, प्रशिक्षण प्रदायक संस्थाहरुको नियमन गर्न र विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यस ऐनको नाम “प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९” रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिवाट प्रदेशभर लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **“अध्यक्ष”** भन्नाले दफा ६ बमोजिमको परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) **"कार्यकारी निर्देशक"** भन्नाले दफा ११ को उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) **"जनशक्ति"** भन्नाले प्रदेश र स्थानीय तहका सरकारी निकाय एवम् सार्वजनिक संस्थाहरुमा आवद्ध मानव संशाधनलाई सम्झनु पर्छ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको विनियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"परिषद्"** भन्नाले दफा ६ बमोजिमको परिषद् सम्झनु पर्छ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ लाई सम्झनु पर्छ।

(छ) **"प्रतिष्ठान"** भन्नाले नेपाल सरकारबाट हस्तान्तरण भई ऐनको दफा ३ बमोजिम स्थापित प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(ज) **"प्रदेश सङ्गठित संस्था"** भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा





नियन्त्रण भएको संस्थान, कम्पनी, बैंङ्क, समिति, प्रतिष्ठान, परिषद् वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(झ) **"समिति"** भन्नाले दफा ८ बमोजिम कार्यकारी समिति सम्झनु पर्छ।

(ञ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला सभा समेतलाई जनाउँछ।

## परिच्छेद-२
## प्रतिष्ठानको स्थापना

३. <u>प्रतिष्ठान स्थापना</u>: प्रदेश र स्थानीय तहको समग्र क्षमता अभिवृद्धिका लागि सो अन्तर्गतका निकाय एवम् सार्वजनिक संस्थाहरुमा आवद्ध मानव संशाधनलाई प्रशिक्षण प्रदान गर्न एवम् विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ।

४. <u>प्रतिष्ठान स्वशासित सङ्गठित संस्था हुनेः</u> (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ।

(२) परिषद्‌ले तोके बमोजिम प्रतिष्ठानको आफ्नो एउटा छुट्टै लेटर प्याड, प्रतिक चिन्ह (लोगो) र छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य कुनै किसिमले बन्दोबस्त गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न, प्रतिरक्षा गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजुर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानको कार्य सञ्चालन र व्यवस्थापन यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियमावलीबाट व्यवस्थित कार्य प्रणाली बमोजिम हुनेछ।

५. <u>प्रतिष्ठानको सञ्चालनका मार्गदर्शक सिद्धान्त</u>ः प्रतिष्ठान देहाय बमोजिमको मार्गदर्शक सिद्धान्त अनुरुप सञ्चालन हुनेछः-

(क) प्रतिष्ठान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका आधारभूत मूल्य, मान्यता र सिद्धान्तका आधारमा सञ्चालन हुने,



खण्ड ६) अतिरिक्ताङ्क १२ प्रदेश राजपत्र भाग १ मिति २०७९।०४।३०

(ख) प्रतिष्ठानमा कर्मचारी भर्ना र नियुक्ति खुला र समावेशी सिद्धान्तको आधारमा प्रतियोगितात्मक परीक्षाबाट हुने,

(ग) प्रतिष्ठान भ्रष्टाचारमुक्त, गैर राजनीतिक, निष्पक्ष, पारदर्शी, परिणाममुखी, जवाफदेही, स्वच्छ, सक्षम, दक्ष, व्यावसायिक र प्रविधिमैत्री हुने,

(घ) प्रतिष्ठानले बिभिन्न तहका सङ्घीय इकाईमा रहने प्रशिक्षण प्रदायक निकायहरु बीच समन्वय र सहकार्यको माध्यमबाट सहयोगात्मक सम्बन्ध विकास र विस्तार गर्ने र गुणस्तर व्यवस्थापन हुने,

(ङ) प्रतिष्ठानको सञ्चालनबाट प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको कार्य जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न आवश्यक पर्ने क्षमताको विकास हुने,

(च) प्रशिक्षण कार्यक्रम प्रदेश, स्थानीय तह र सार्वजनिक निकायको संस्थागत क्षमता अभिवृद्धि र विकास कार्यक्रमसँग आबद्ध हुने,

(छ) प्रतिष्ठानबाट प्रशिक्षण सम्बन्धी विषयबस्तुहरूको निरन्तर अध्ययन, अनुसन्धान, परीक्षण, पाठ्यक्रम तथा प्रशिक्षण सामाग्री तयारी र कार्यतालिका निर्धारण हुने, र

(ज) प्रतिष्ठानबाट प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको लागि सेवा प्रवेश तथा सेवाकालीन प्रशिक्षण सञ्चालन हुने।

## परिच्छेद-३
## परिषद् र कार्यकारी समिति सम्बन्धी व्यवस्था

६. परिषद्को गठनः (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमको एक परिषद् रहेनछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग - सदस्य

(घ) उपाध्यक्ष, प्रदेश योजना आयोग - सदस्य

(ङ) प्रदेश सचिव, आर्थिक विषय हेर्ने मन्त्रालय - सदस्य



खण्ड ६) अतिरिक्ताङ्क १२ प्रदेश राजपत्र भाग १ मिति २०७९।०४।३०

(च) प्रदेश सचिव, शिक्षा विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) मुख्यमन्त्रीले मनोनित गरेका प्रदेशभित्रका स्थानीय तहका प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्षहरु मध्येबाट एकजना महिला सहित तीन जना - सदस्य

(ज) मुख्यमन्त्रीले मनोनित गरेको प्रादेशस्थित विश्वविद्यालयको प्रतिनिधि एकजना - सदस्य

(झ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) समितिका मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। परिषद्ले उपयुक्त ठानेमा मुख्यमन्त्रीवाट निजहरुको पुनः मनोनयन हुन सक्नेछ।

(३) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(४) परिषद्को बैठक अध्यक्षले तोकेको मिती, समय र स्थानमा बस्नेछ।

(५) परिषद्को सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बोलाउनु पर्नेछ। बैठक बस्ने सूचना बैठकको कार्यसूची सहित कम्तीमा दुई दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ।

(६) परिषद्को कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) बैठक व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठान सञ्चालनका लागि आवश्यक नीति तर्जुमा गर्ने,

(ख) प्रतिष्ठानको सङ्गठन संरचना स्वीकृत गर्ने,

(ग) प्रतिष्ठान सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय मार्गदर्शन दिने,

(घ) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ङ) प्रचलित कानूनको अधीनमा रही प्रतिष्ठानको आवश्यक विनियमावली, कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने,

(च) प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम र प्रशिक्षण सामग्री स्वीकृत गर्ने,

(छ) प्रतिष्ठानको आवधिक तथा दीर्घकालीन योजना स्वीकृत गर्ने,



खण्ड ६) अतिरिक्ताङ्क १२ प्रदेश राजपत्र भाग १ मिति २०७९।०४।३०

(ज) प्रतिष्ठानलाई आवश्यक पर्ने जनशक्ति तथा भौतिक पूर्वाधारको व्यवस्था गर्ने गराउने,

(झ) प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने,

(ञ) सेवा प्रवाह र विकास कार्यक्रममा सघाउ पुग्ने गरी प्रदेश र स्थानीय तहको व्यवस्थापकीय क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने गराउने,

(ट) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी वनाउन सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने गराउने,

(ठ) प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने एवम् सञ्चालित कार्यक्रमको वार्षिक प्रगति समीक्षा तथा मूल्याङ्कन गर्ने गराउने,

(ड) प्रतिष्ठान अन्तर्गतका कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने, र

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

८. <u>कार्यकारी समितिको गठनः</u> (१) प्रतिष्ठानको उद्देश्य एवम् नीति अनुरुप अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई सुव्यवस्थित एवम् प्रभावकारी रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक - संयोजक
(ख) उपसचिव वा सो सरह, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य
(ग) उपसचिव वा सो सरह, आर्थिक विषय हेर्ने मन्त्रालय - सदस्य
(घ) उपसचिव वा सो सरह, प्रदेश लोक सेवा आयोग - सदस्य
(ङ) उपसचिव वा सो सरह, प्रदेश योजना आयोग - सदस्य
(च) प्रमुख प्रशासकीय अधिकृत, प्रतिष्ठानको मुख्य कार्यालय रहेको स्थानीयतह- सदस्य
(छ) कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको निर्देशक -सदस्य-सचिव

(२) समितिले आवश्यक देखेमा सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।





(४) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) समितिको सदस्य सचिवले संयोजकको निर्देशन बमोजिम बैठक बोलाउनु पर्नेछ।

(६) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश र स्थानीय तहको क्षमता विकास सम्बन्धी नीति तर्जुमा गरी परिषद्समक्ष पेश गर्ने,
(ख) प्रशिक्षक, अनुसन्धानकर्ता तथा विज्ञहरुको रोष्टर तयार, स्तर निर्धारण र सूची तयार गर्ने,
(ग) प्रशिक्षार्थीहरुको लागि लिइने परिक्षा (मोडेल टेस्ट) को मापदण्ड तयार गरी परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने गराउने,
(घ) प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम र प्रशिक्षण सामग्री तयार गर्ने,
(ङ) प्रशिक्षण सम्बन्धी वार्षिक क्यालेण्डर स्वीकृत गर्ने,

(च) अध्ययन, अनुसन्धान तथा खोज सम्बन्धी कार्ययोजना स्वीकृत गर्ने,

(छ) प्रशिक्षण मोड्युल, पाठ्यक्रम तथा प्रशिक्षण सामग्रीहरूको परीक्षण गर्ने, गराउने,

(ज) तीस कार्यदिन भन्दा कम अवधिका अल्पकालीन प्रशिक्षणहरूको प्रशिक्षण मोड्युल, पाठ्यक्रम स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको आवधिक तथा दीर्घकालीन योजना तर्जुमा गरी परिषद्समक्ष पेश गर्ने,

(ञ) प्रतिष्ठानको बार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतिका लागि परिषद्मा पेश गर्ने,

(ट) प्रतिष्ठानका लागि आवश्यक विनियमावली, कार्यविधि र निर्देशिकाको मस्यौदा तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(ठ) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको रेखदेख र संरक्षण गर्ने,

(ड) परामर्श सेवा सम्बन्धी नीति र कार्ययोजना स्वीकृत गर्ने,

(ढ) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी परामर्श सेवा प्रदान गर्ने, गराउने,





(ण) अन्य प्रदेश, सङ्घीय र अन्तर्राष्ट्रियस्तरका अनुसन्धान तथा प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राखी प्रशिक्षण सम्बन्धी कार्यलाई स्तरोन्नति तथा विस्तार गर्ने,

(त) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी पाठ्यक्रम तथा सामग्री तयार गरी परिषद्बाट स्वीकृत गराउने,

(थ) समसामयिक विषयका पुस्तक वा बुलेटिन प्रकाशन गर्ने गराउने,

(द) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने प्रमाणपत्र र पुरस्कारको सम्वन्धमा निर्णय गर्ने,

(ध) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(न) प्रतिष्ठानको वार्षिक प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्ने,

(प) लेखा परीक्षणको प्रतिवेदन परिषद्मा पेश गर्ने र सो सम्वन्धमा परिषद्बाट भएको निर्देशन कार्यान्वयन गर्ने, र

(फ) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने।

(२) उपदफा (१) खण्ड (ण) बमोजिम अन्तर्राष्ट्रियस्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राख्दा प्रतिष्ठानले प्रदेश सरकार मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-४

## सङ्गठन संरचना, कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

१०. सङ्गठन संरचना र कर्मचारी व्यवस्थापनः (१) प्रतिष्ठानको सङ्गठन संरचना तथा दरबन्दी परिषद्ले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) प्रतिष्ठानमा देहाय बमोजिमका कर्मचारीहरु रहनेछन्:-

(क) प्रशासकीय,

(ख) अनुसन्धान, प्रशिक्षण तथा प्रध्यापन, र

(ग) प्राविधिक।





(३) उपदफा (१) बमोजिमको सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक विषय हेर्ने मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कायम भएको सङ्गठन संरचना र दरबन्दी प्रतिष्ठानको कार्यबोझ तथा उपलब्ध आर्थिक स्रोत समेतका आधारमा प्रदेश सरकारले परिमार्जन गर्न सक्नेछ।

(५) सङ्गठन संरचना निर्माण गर्दा प्रशासन तथा व्यवस्थापन, कानून तथा अर्थराजनीति, शिक्षण तथा अनुसन्धान, प्राविधिक आदि क्षेत्र समेट्ने गरी निर्माण गर्नु पर्नेछ।

११. कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था: (१) प्रतिष्ठानको प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) दफा १४ बमोजिमको कार्यदलको सिफारिसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ।

तर, कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मका लागि प्रदेश सरकारका प्रदेश सचिव वा सो सरहका कर्मचारीहरु मध्येबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) ले तोकेको प्रदेश सचिव वा सो सरहका कर्मचारीले कार्यकारी निर्देशकको रुपमा कामकाज गर्नेछ।

(३) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोतर उपाधि प्राप्त गरी कानून, प्रशासन, व्यवस्थापन, ईन्जिनियरिङ, प्राध्यापन, अनुसन्धान जस्ता क्षेत्रमा पन्ध्र वर्षको अनुभव हासिल गरेको वा विद्यावारिधी उपाधि हासील गरी उल्लेखित क्षेत्रमा दश वर्षको अनुभव हासिल गरेको र चालीस वर्ष उमेर पुरा भई पच्पन्न वर्ष ननाघेको व्यक्तिहरू मध्येबाट प्रतिष्पर्धाको आधारमा नियुक्ति हुने व्यवस्था गर्ने गरी योग्यता तोकिनेछ।

(४) उपदफा (२) बमोजिम कार्यकारी निर्देशक नियुक्ति हुँदा वा कामकाज गर्न तोकिँदा निजले प्रमुख सचिवसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधी पाँच बर्षको हुनेछ र उमेरको हद बाँकी भएमा अर्को एक अवधिका लागि निजलाई पुनः नियुक्त गर्न सकिनेछ।

तर, पदावधी समाप्त हुनु अगावै निजको उमेर साठी वर्ष पूरा भएमा निज सो पदमा बहाल रहन सक्ने छैन।

(६) केन्द्रको कार्यकारी निर्देशकको कार्य सम्पादन मूल्याङ्कन प्रमुख सचिवले गर्नेछ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।





१२. कार्यकारी निर्देशक पदमुक्त तथा निलम्बन हुने अवस्थाः (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) निजले परिषद्को अध्यक्षसमक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा, वा

(ख) दफा ११ को उपदफा (५) बमोजिमको अवधि पूरा भएमा, वा

(ग) निजको मृत्यु भएमा, वा

(घ) उपदफा (२) बमोजिम प्रदेश सरकारले पदमुक्त गरेमा, वा

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा।

(२) कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेमा वा बदनियतपूर्वक काम कारवाही गरेमा परिषद्द्वारा गठित छानविन समितिको सिफारिसमा कार्यकारी निर्देशकलाई प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पदमुक्त गर्नु अगाडि सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ।

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतमा मुद्दा चलेमा कार्यकारी निर्देशक स्वतः निलम्बन हुनेछ।

१३. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u> (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको कार्यकारी प्रमुख भई काम गर्ने,

(ख) परिषद् र कार्यकारी समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको रणनीतिक योजना तयार गरी परिषद् समक्ष पेश गर्ने,

(घ) वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने गराउने,

(ङ) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(च) प्रतिष्ठानको प्रगति विवरणहरु कार्यकारी समिति समक्ष पेश गर्ने,

(छ) प्रतिष्ठानका कर्मचारीहरुको परिचालन, प्रशासनिक नियन्त्रण, सुपरीवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन गर्ने,

(ज) प्रतिष्ठानलाई प्राप्त भएको चल, अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(झ) प्रतिष्ठानको लेखापरीक्षण गर्ने गराउने तथा लेखा उत्तरदायी अधिकृत भई काम गर्ने,





(ञ) कार्यकारी समितिको अध्यक्ष र परिषद्को सदस्य-सचिव भइ काम गर्ने, र

(ट) प्रतिष्ठान सञ्चालन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार परिषद्ले तोके बमोजिम हुनेछ।

१४. <u>कार्यकारी निर्देशकको छनौट कार्यदलः</u> (१) कार्यकारी निर्देशक छनौट गरी नियुक्तिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्न देहाय बमोजिमको कार्यदल रहनेछः-

(क) उपाध्यक्ष, प्रदेश योजना आयोग - संयोजक

(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) प्रदेश सचिव, शिक्षा विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) प्रदेश सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य

(ङ) उपसचिव वा सो सरह, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार अन्य पदाधिकारीको सहयोग लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यदलले दफा ११ को उपदफा (३) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी छनौटका थप आधार र मापदण्ड तयार गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम तयार गरिएको थप आधार र मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाको लागि सूचना गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचनाको म्यादभित्र आवेदन गर्ने उम्मेदवारहरु मध्येबाट खुला प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार तीनजनाको नाम छनौट गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका उम्मेदवारहरु मध्येबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) ले कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(७) यस ऐन बमोजिम कार्यकारी निर्देशक नियुक्त गरिएको वा सो पदमा कामकाज गर्न तोकिएको व्यक्तिलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियुक्त गरिएको वा तोकिएको पत्र दिनेछ।





१५. <u>पदपूर्ति सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठानको रिक्त स्थायी दरबन्दी प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ।

तर, सवारी चालक, कार्यालय सहयोगी, माली तथा सरसफाई जस्ता कामको लागि स्थायी पदपूर्ति नगरी सेवा करारबाट लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पदपूर्ति नभएसम्म प्रतिष्ठानको रिक्त दरबन्दीमा प्रतिष्ठानको अनुरोधमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती सेवाको उपयुक्त कर्मचारीलाई काजमा खटाउन सक्नेछ।

१६. <u>सेवाको शर्त र सुविधाः</u> (१) प्रतिष्ठानमा कार्यरत कर्मचारीको न्यूनतम तलबमान प्रदेश निजामती सेवाका कर्मचारी सरह हुनेछ।

(२) कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. <u>समायोजन भएका कर्मचारीको पदस्थापन</u>ः (१) साविकमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान वा अन्तर्गत कार्यरत समायोजन भई आएका कर्मचारीलाई प्रतिष्ठानको स्वीकृत दरबन्दीको समान तहको उपयुक्त पदमा पदस्थापन गरिनेछ।

(२) उपदफा (१) बमोजिम समायोजन हुने कर्मचारीको पारिश्रमिक तथा अन्य सुविधा प्रतिष्ठानका सम्बन्धित तहका कर्मचारी सरह हुनेछ।

तर, निजले साबिकमा खाईपाई आएको तलब स्केल घट्ने गरी पारिश्रमिक निर्धारण गरिने छैन।

१८. <u>सेवा करारमा लिन सकिने:</u> (१) वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विषयविज्ञ, श्रोत व्यक्ति, प्रशिक्षक, अनुसन्धानकर्ता प्रचलित कानून बमोजिम सेवा करारमा लिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सेवा करारमा लिँदा विषयविज्ञहरुको सूची तयार गरी सूचीकृत विज्ञहरुमध्येबाट सेवा करारमा लिनु पर्नेछ।

१९. <u>अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था:</u> (१) प्रतिष्ठानमा एक अनुसन्धान केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास सम्बन्धी अनुसन्धान गर्ने,

(ख) अध्ययन अनुसन्धानमा आधारित प्रदेश तथा स्थानीय तहका जनशक्ति विकासको योजना तयार गरी प्रदेश सरकार र स्थानीय तहलाई उपलब्ध गराउने,





(ग) सार्वजनिक नीति, शासकीय प्रबन्ध, व्यवस्थापन, प्रदेशको सामाजिक, आर्थिक लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने,

(घ) विकास लगायतका विषयमा खोजमूलक तथा अनुसन्धानमूलक कार्य गर्ने,

(ङ) आधुनिक तथा नवीनतम प्रशिक्षण विधि तथा सामग्रीको विकास र प्रयोगका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने र कार्यान्वयनका लागि समिति समक्ष सिफारिस गर्ने, र

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद-५
## <u>कोष, लेखा र लेखा परीक्षण सम्बन्धी व्यवस्था</u>

२०. <u>प्रतिष्ठानको कोष:</u> (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै विदेशी सरकार र अन्तराष्ट्रिय सङ्घ संस्थाहरुबाट प्राप्त हुने रकम,

(ग) परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम, र

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्न प्रदेश सरकार मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको आर्थिक कारोवार प्रदेशको आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व सम्बन्धी कानूनको अधिनमा रहने गरी प्रमुख कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

२१. <u>लेखा राख्ने तरिकाः</u> प्रतिष्ठानको आम्दानी र खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ।

२२. <u>लेखापरीक्षणः</u> (१) प्रतिष्ठानको लेखाको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(२) प्रतिष्ठानको लेखापरीक्षण सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।





## परिच्छेद-६
## <u>प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री एवम् पाठ्यक्रम</u>

२३. <u>प्रशिक्षण पद्धति निर्धारण गर्नेः</u> (१) प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्न समय समयमा अनुसन्धान केन्द्र मार्फत् अनुसन्धान तथा सर्वेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुसन्धान तथा सर्वेक्षणको आधारमा प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्नेछ।

(३) प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्दा नेपाल कर्मचारी प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) को पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रमलाई आधार लिन सक्नेछ।

(४) प्रतिष्ठानले प्रशिक्षण सञ्चालन गर्दा परिषद्द्वारा स्वीकृत पाठ्यक्रम, प्रशिक्षण निर्देशिका र प्रशिक्षण मोड्युल अनुसार सञ्चालन गर्नु पर्नेछ।

(५) प्रशिक्षण कार्यक्रम सञ्चालन अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **प्रशिक्षण आवश्यकता पहिचान गर्नुपर्ने**: (१) प्रतिष्ठानले प्रशिक्षण आवश्यकता पहिचान गरी प्रदेशको आवश्यकता अनुसार प्रशिक्षण सञ्चालन गर्नु पर्नेछ।

(२) प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वय, सहकार्य र सहजीकरणमा प्रतिष्ठानले प्रदेशभित्रका प्रशिक्षण लिएका र नलिएका कर्मचारीहरुको विवरण लिई लगत तयार गर्नु पर्नेछ।

२५. **प्रशिक्षण सामग्रीः** प्रतिष्ठानले प्रशिक्षण कार्यक्रमहरुको लागि प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक, राजनैतिक परिप्रेक्ष्यमा मेल खाने र सैद्धान्तिक दृष्टिकोणबाट उपयोगी हुने प्रशिक्षण सामग्रीहरुको व्यवस्था गर्नेछ।

२६. **पाठ्यक्रमः** प्रशिक्षण कार्यक्रमलाई बढी फलदायी एवम् प्रभावकारी बनाउन पाठ्यक्रममा सैद्धान्तिक एवम् व्यवहारिक दुवै पक्षलाई समेटनु पर्नेछ।

२७. **प्रशिक्षण प्रविधिः** प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवम् प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधि प्रयोग गर्नेछ।

२८. **अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कनः** (१) प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका अन्य विषयगत प्रशिक्षण केन्द्रवाट सञ्चालित प्रशिक्षण कार्यक्रमहरुको समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।



खण्ड ६) अतिरिक्ताङ्क १२ प्रदेश राजपत्र भाग १ मिति २०७९।०४।३०

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको आधारमा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा आवश्यकता अनुसार संशोधन वा परिवर्तन गर्न परिषद् मार्फत प्रदेश सरकारलाई सुझाव दिन सक्नेछ।

२९. **प्रशिक्षक प्रमाणिकरण भएको हुनुपर्नेः** (१) प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षणमा प्रशिक्षक हुन चाहने विज्ञले तोकिए अनुसार प्रशिक्षक प्रशिक्षण तालिम लिएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण प्राप्त प्रशिक्षकलाई प्रतिष्ठानले निश्चित अवधिको लागि शर्तसहित प्रशिक्षक प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(३) प्रशिक्षक प्रशिक्षण प्रमाणपत्र प्राप्त गरेको तीन वर्षसम्म पनि सम्बन्धित बिषयको प्रशिक्षणमा प्रशिक्षण नगरेको भएमा प्रशिक्षकको सूचीबाट प्रतिष्ठानले हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रशिक्षकको सूचीबाट हटाइएको व्यक्तिले पुनः सूचीकृत हुन चाहेमा नयाँ प्रशिक्षक सरहको प्रकृया पुरा गर्नु पर्नेछ।

३०. **तालिम मूल्याङ्कन र प्रमाणपत्र प्रदान गर्नेः** (१) लामो अवधि वा सेवाकालीन तालिममा सहभागी भई तालिमको प्रमाण पत्र प्राप्त गर्न तालिमको अन्तिम मूल्याङ्कनमा सहभागीले नब्बे प्रतिशतभन्दा बढी अवधि रूजु हाजिरी भई पचासी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड पुरा गरेका सहभागीहरुलाई तालिम संयोजकको सिफारिसमा तोकिए बमोजिमको ढाँचामा प्रतिष्ठानले प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(३) तालिमको अन्तिम दिनमा तालिम संयोजक र प्रशिक्षकले सहभागीहरुबाट तालिम प्रक्रिया र व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमको विधि प्रयोग गरी मूल्याङ्कन गराउनु पर्नेछ।

३१. <u>सःशुल्क तालिम सञ्चालन गर्नसक्नेः</u> (१) सङ्घ संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायको अनुरोधमा तालिमका लागि तोकिएका योग्य व्यक्तिलाई प्रतिष्ठानले तोके बमोजिम शुल्क लिई तालिममा सहभागी गराउन सक्नेछ।

## परिच्छेद-७
## <u>विविध</u>

३२. <u>तालिममा हुने खर्च रकमको मापदण्डः</u> तालिममा हुने खर्च रकमको मापदण्ड आर्थिक विषय हेर्ने मन्त्रालयको सहमति लिई परिषद्बाट स्वीकृत गराई लागु गर्नु पर्नेछ।



खण्ड ६) अतिरिक्ताङ्क १२ प्रदेश राजपत्र भाग १ मिति २०७९।०४।३०

३३. <u>वार्षिक प्रतिवेदनः</u> प्रतिष्ठानले आफूले सम्पादन गरेका कार्यको वार्षिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ।

३४. <u>प्रदेश सरकार र अन्य संस्थाहरुसँगको सम्पर्कः</u> (१) प्रतिष्ठानले प्रदेश सरकारसँगको सम्पर्क मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् गर्नेछ।

(२) प्रतिष्ठानले समान उद्देश्य वा कार्यप्रकृतिका संस्था तथा प्रशिक्षण प्रतिष्ठानसँग आवश्यक सहकार्य र समन्वय गर्न सक्नेछ।

तर कुनै विदेशी सरकार वा सङ्घ संस्थासँग सम्पर्क र समन्वय गर्नु पर्दा प्रदेश सरकार मार्फत् नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

३५. <u>सङ्घीय सरकारका तालिम प्रदायक संस्थाहरूसँगको सम्बन्धः</u> (१) प्रतिष्ठानले संङ्घीय सरकारका तालिम प्रदायक संस्थाहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) प्रतिष्ठानले सङ्घीय सरकारका तालिम प्रदायक संस्थाहरूले स्वीकृत गरेको पाठ्यक्रमको आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(३) प्रतिष्ठानले सञ्चालन गरेका क्षमता विकास सम्बन्धी कार्यहरुको गुणस्तर सुनिश्चित गर्न सङ्घीय सरकारका तालिम प्रदायक संस्थाहरूबाट आवश्यक प्राविधिक सहयोग प्राप्त गर्न सक्नेछ।

३६. <u>अन्य संस्थालाई समाहित गर्न सक्नेः</u> (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएका अनुसन्धान तथा प्रशिक्षणसँग सम्वन्धित कुनै संस्था यस ऐन बमोजिमको प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठानमा समाहित गर्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

३७. <u>अधिकार प्रत्यायोजनः</u> (१) परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिलाई र समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. <u>प्रतिष्ठानको कार्यालय र नामः</u> (१) प्रतिष्ठानको केन्द्रीय कार्यालय झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. १० स्थित कलवलगुरीमा रहनेछ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति लिई आवश्यकता अनुसार अन्य जिल्लामा समेत अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सक्नेछ।





(२) प्रतिष्ठानको कार्यालय "प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान" को नामबाट सञ्चालन हुनेछ।

(३) नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भई आएको साविक ग्रामीण विकास प्रशिक्षण केन्द्र, कलवलगुरी झापाको जग्गा, भवन, तालिम हल, प्रशिक्षार्थी आवास गृह, चमेना गृह, खेल मैदान, फर्निचर, कार्यालय, उपकरण, सवारी साधन लगायतका मालसामान र संरचना प्रतिष्ठानले उपयोग र संरक्षण गर्नेछ।

३९. <u>कानून बनाउन सक्नेः</u> (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषद्ले विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ। त्यस्तो विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड परिषद्ले स्वीकृत गरे पछि लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा आर्थिक व्ययभार पर्ने भएमा आर्थिक विषय हेर्ने मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

४०. <u>अनुसूचीमा हेरफेर वा संशोधनः</u> प्रदेश सरकारले आर्थिक विषय हेर्ने मन्त्रालयको सहमतिमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ।

४१. <u>खारेजी र बचाउः</u> प्रदेश प्रशिक्षण केन्द्र (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७७ खारेज गरिएको छ। सो

नियमावली बमोजिम भएका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।





अनुसूची-१
(दफा ११ को उपदफा (७) सँग सम्बन्धित)
कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा

| क्र.सं. | पारिश्रमिक तथा सुविधाको प्रकार | इकाई | दर |
|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना | प्रदेश सचिवको शुरु तलव स्केल बराबरको रकम |
| २ | आवास सुविधा | - | प्रतिष्ठानले आवासको बन्दोबस्त गर्ने |
| ३ | संचार सुविधा | प्रति महिना | रु.२,५००।- |
| ४ | सवारी इन्धन | प्रति महिना | १०० लिटर |
| ५ | मोविल | त्रैमासिक | ५ लिटर |
| ६ | लुगा भत्ता | वर्षको एकपटक | प्रदेश सचिवले पाउने बराबरको रकम |
| ७ | चाडपर्व खर्च | वर्षको एकपटक | एक महिनाको पारिश्रमिक बराबरको रकम |
| ८ | यायायात सुविधा | सवारी साधन | १ थान |
| ९ | दैनिक भ्रमण भत्ता | प्रतिदिन | कानून बमोजिम प्रदेश सचिवले पाउने सरह |
| १० | विदेश भ्रमण भत्ता | प्रति दिन | कानून बमोजिम प्रदेश सचिवले पाउने सरह |

प्रमाणीकरण मितिः- २०७९/०४/३०

आज्ञाले,
काली प्रसाद पराजुली
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np

# प्रदेश राजपत्र


कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, चैत्र २७ गते, २०८२ साल (अतिरिक्ताङ्क ३९


## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन नं. ५

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८२

<u>प्रस्तावनाः</u> प्रदेश अनुसन्धान तथा प्रतिष्ठान ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले;

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "**प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (प्रथम संशोधन) ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश अनुसन्धान तथा प्रतिष्ठान ऐन, २०७९ को दफा २ मा संशोधनः</u> प्रदेश अनुसन्धान तथा प्रतिष्ठान ऐन, २०७९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) झिकिएको छ।

३. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को;

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको,

(ग) सार्वजनिक प्रशासन, कानून, विकास व्यवस्थापन, अर्थशास्त्र, राजनीतिशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा अन्य यस्तै प्रकारका विषयमा कम्तीमा दश वर्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसन्धानमूलक कार्य गरेको वा सरकारी सेवामा कम्तीमा पन्ध्र वर्षसम्म सेवा अनुभव प्राप्त गरेको,

(घ) पैंतिस वर्ष उमेर पूरा भएको,

(ङ) नियूक्ति हुँदाका बखत नैतिक पतन देखिने फौजदारी अभियोग वा भ्रष्टाचारजन्य मुद्दामा अदालतबाट कसुरदार नठहरिएको वा भ्रष्टाचारजन्य मुद्दामा अभियोग लागि अदालतमा मुद्दा विचाराधीन नरहेको,

(च) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्यता नलिएको,

(छ) नियुक्ति हुँदाका बखत कुनै विदेशी मूलुकको स्थायी आवासीय अनुमति नलिएको।"

(२) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

४. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा, वा"

५. <u>मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. <u>प्रतिष्ठानका कर्मचारी तथा पदपूर्ति सम्बन्धमाः</u> (१) प्रतिष्ठानमा दफा १० को उपदफा (१) बमोजिम परिषद्ले स्वीकृत गरेको सङ्गठन तथा व्यवस्थापन

सर्वेक्षण प्रतिवेदन बमोजिमको आवश्यक कर्मचारी रहनेछन्।

(२) प्रतिष्ठानको दरबन्दी अनुसार कर्मचारी भर्ना नियुक्ति तथा कर्मचारीको बढुवा तोकिए बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका कर्मचारीको पारिश्रमिक सेवाका सर्त तथा सुविधा सरकारले तोकेको वा प्रदेश कानूनले तोके बमोजिम हुनेछ।

(४) प्रतिष्ठानका कर्मचारीको स्थायी नियुक्ति तथा बढुवा लगायतका विषयमा सिफारिस गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको प्रदेश लोक सेवा आयोगको सदस्य | -अध्यक्ष |
| (ख) | प्रतिष्ठानको कार्यकारी निर्देशक | -सदस्य |
| (ग) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सचिव | -सदस्य |
| (घ) | परिषद्को अध्यक्षले तोकेको सम्बन्धित विषय विज्ञ | -सदस्य |
| (ङ) | अधिकृतस्तर नवौं तह वा सो सरहको कर्मचारी | -सदस्य सचिव |

(५) प्रतिष्ठानमा नयाँ कर्मचारी भर्नाका लागि यस ऐन बमोजिमको पदपूर्ति समितिले आफ्नो कार्यविधि आफैं निर्धारण

गर्न सक्नेछ र त्यसरी निर्धारण गर्दा प्रदेश कानूनलाई समेत आधार मान्नु पर्नेछ।

तर सवारी चालक, कार्यालय सहयोगी, माली, चौकिदार, इलेक्ट्रिसियन, प्लम्बर तथा सरसफाई जस्ता कामको लागि स्थायी पदपूर्ति नगरी सेवा करारबाट लिनुपर्नेछ।

(६) प्रतिष्ठानको रिक्त दरबन्दीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती सेवाको उपयुक्त कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

(७) कर्मचारी तथा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

प्रमाणीकरण मितिः- २०८२/१२/२७

आज्ञाले,
अस्मान तामाङ
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश